कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ३७, २०७९-२०८४
मिति २०८०/१०/१५ को
निर्णय प्रमाणित ..........

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ३७, २०७९-२०८४)

मिति : २०८० माघ १५ गते

निर्णयहरु:

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

२. कोहलपुर नगरपालिकामा आगामी आ.ब. २०८१/०८२ का लागि समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यबिधि, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी संघीय सरकारमा माग गरी पठाउने ।

संघीय सरकारमा माग गर्ने समपुरक योजना:

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | सरस्वती चोकदेखि पिपरी चोकसम्म बाटो स्तरोन्नती | ८ | |
| २ | प्रगतिनगर दुर्गा मन्दिरदेखि दक्षिण सिद्धार्थ मा.बि. रझेनासम्म सडक स्तरोन्नती | ५ | |
| ३ | बबई टोलदेखि भवानीपुर मन्दिर हुँदै नहरसम्मको बाटो आर.सि.सि. नालासहित कालोपत्रे | ९ | |
| ४ | वडा नं. ११ लोकनगर महेन्द्र राजमार्गदिखि शहिद प्रतिष्ठान हुँदै २ नं. वडाको सिमानासम्म सडक कालोपत्रे | ११ | |
| ५ | 'ख' लाइन जनज्ञान ज्योति स्कुलदेखि मौवा टोल हुँदै 'क' लाइन जोड्ने सडक स्तरोन्ती | १ | |

संघीय सरकारमा माग गर्ने विशेष योजना:

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | बालशिक्षा मा.बि. भवन निर्माण कोहलपुर १३ भरैया | १३ | |
| २ | कोहलपुर वडा नं. २,१२,१३ मध्यवर्ती क्षेत्रमा मेसजाली घेरबार | २,१२,१३ | |
| ३ | शहरी स्वास्थ्य केन्द्र अधुरो भवन निर्माण | ७ | |
| ४ | आधारभुत स्वास्थ्य केन्द्रको पूर्वाधार विकास | ३ | |
| ५ | वडा नं. १४ का लोपोन्मुख जातीमा पर्ने चिडिमार र दलित जातीमा पर्ने खटिक तथा अन्य अति विपन्न समुदायलाई नमुना आवास | १४ | |



धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३७, २०७९-२०८४
मिति २०८०/१०/१५ को
निर्णय प्रमाणित ..............

३. कोहलपुर नगरपालिकामा आगामी आ.ब. २०८१/०८२ का लागि प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यबिधि, २०७५ एवं प्रदेश विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यबिधि, २०७६ बमोजिम देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी लुम्बिनी प्रदेश सरकारमा माग गरी पठाउने ।

<u>प्रदेश सरकारमा माग गर्ने समपुरक योजना:</u>

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | सृजना टोलको नहरदेखि बौद्ध बिहार हुँदै ८ नं. वडाको सिमाना र बैजनाथपुर गाउँ हुँदै ७ नं. वडा जाने बाटो स्तरोन्नती | १४ | |
| २ | स्वामी दयाल थारुको घरदेखि चप्परगौडी थारु गाउँ टटकन थारुको घर हुँदै तिलक परियारको घरसम्म सडक स्तरोन्नती | १२ | |
| ३ | दिपनगर पुरानो वनखेत मुक्ती प्रा.बि. वरको बुट्टा जानेबाटो कालोपत्रे तथा पक्की नाली निर्माण(पुरानो अधुरो बाटो निरन्तरता) | २ | |
| ४ | वडा कार्यालय देखि चटार स्कुल हुँदै ८ नं. को सिमानासम्म बाटो स्तरोन्नती | १० | |
| ५ | बेलनपुर ठुलो टोल र गुज्जर टोल, गफ्फरपुर टोलदेखि मदनचोक-गोहवा जोड्ने पक्की बाटोसम्म कालोपत्रे | ४ | |

<u>प्रदेश सरकारमा माग गर्ने विशेष योजना:</u>

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय आधारभुत विद्यालय भवन निर्माण, कोहलपुर १५ | १५ | |
| २ | मुक्ति आधारभुत विद्यालय भवन निर्माण, कोहलपुर २ | २ | |
| ३ | सुतैया नाला पुल देखि महेन्द्र हाईवे सम्मको वारीपारी तटबन्धन निर्माण | ६ | |
| ४ | कोहलपुर १३ बादी गन्धर्व वस्ती संरक्षण रोहिणी - रानीघाट डुडुवा खोलामा तटबन्ध | १३ | |
| ५ | वडा नं. ४ रझेना स्वास्थ्य केन्द्र भवन निर्माण | ४ | |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३७, २०७९-२०८४
मिति २०८०/१०/१५ को
निर्णय प्रमाणित ..............

४. यस नगर कार्यपालिकाको नाममा रहेका विभिन्न सवारी साधनहरुको बिमा तथा ब्लुबुकको म्याद नवीकरण गर्नुपर्ने भएकाले चालु आ.ब. २०८०/०८१ मा विनियोजित बिमा तथा नवीकरण खर्च शीर्षकबाट उक्त सवारी साधनहरुको बिमा तथा नवीकरण गर्ने ।

५. विद्युतीय चुल्हो सुधारिएको चुलो र बायो ग्यांस जडान सम्बन्धमा बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र मार्फत हरित जलवायु कोषको सहयोगमा कार्यान्वियन हुने खाना पकाउने स्वच्छ उर्जा कार्यक्रममा साझेदारी गर्न इच्छुक स्थानीय तहहरुका लागी आशयपत्र सहितको माग संकलन सम्बन्धि मिति २०८०/०६/२४ गते सूचना प्रकाशित भएकोमा विद्युतीय चुलो, सुधारिएको चुलो र बायो ग्यास जडानका लागि लागत साझेदारी कार्यक्रममा सहभागिता लागि प्रतिबद्धता गर्ने र सो का लागि आवश्यक लागत साझेदारी रकम यस नगरपालिकाको आ.ब. २०८०/०८१ मा विनियोजित सि.नं. ७६७ विद्युतीय नवीकरणीय उर्जा प्रबिधि जडान (बायोग्याँस/ विद्युतीय चुलो/ सुधारिएको चुलो/सौर्य उर्जा) शीर्षकबाट व्यहोर्ने र समपुरक कोषबाट बढीमा २ लाख रुपैयाँसम्म थप गरी रु १० लाख बराबरको साझेदारी गर्ने गरी प्रस्ताव पेश गर्ने ।

६. यस नगरपालिका अन्तर्गत करारमा कार्यरत विभिन्न कर्मचारीहरुले व्यक्तिगत कारण देखाई पेश गरेको राजिनामा स्वीकृत भएकोमा एवं रिक्त देहायका पदहरुमा कोहलपुर नगरपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ एवं प्रचलित कानून बमोजिम हुने गरी पदपूर्ति गर्ने ।

क. मेडिकल अधिकृत, अधिकृत आठौं -१(एक), नगर स्वास्थ्य प्रर्धर्द्धन केन्द्रका लागि
ख. वन प्राबिधिक, अधिकृत सातौ तह -१(एक), समृद्धिका लागि वन परियोजना (रेड कार्यान्वियन केन्द्र)
ग. क्षयरोग संयोजक, अधिकृत छैठौं-१(एक), क्षयरोगमुक्त अभियान कार्यक्रम
घ. फार्मेसी सहायक, पाँचौ तह -१(एक), कोहलपुर नगर अस्पतालका लागि

७. कोहलपुर नगरपालिका अन्तर्गतको नगर स्वास्थ्य शाखा र मातहतका स्वास्थ्य चौकी एवं आधारभूत केन्द्रमा आवश्यक पर्ने माग फाराम बमोजिमका औषधीहरु योजना पुस्तिकाको सि.नं ४९९ र ५०० को रकमबाट भुक्तानी गर्ने गरी यस कार्यालयको मिति २०८०/०६/०१ को सूचना बमोजिम बोलपत्रद्वारा कबोल गर्ने आपूर्तिकर्ता मेरिगोल्ड इन्टरनेशनल प्रा.लि. लोकन्थली भक्तपुरबाट सार्वजनिक खरिद नियमावली, २०८० को नियम ८५ बमोजिमको प्रकृया पुरा गरी सोझै खरिद गर्ने ।

८. यस नगरपालिकामा रहेको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनलाई थप सुदृढ गर्ने उद्देश्य सहित तयार गरिएको "नगर अस्पताल विकास समिति गठन तथा सञ्चालन कार्यबिधी, २०८०" बैठकमा पेश भई छलफल भयो । उक्त कार्यबिधिमा बैठकका सदस्यहरुबाट प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने ।

९. यस नगरपालिकामा 'घ' वर्ग निर्माण व्यवसाय ईजाजत पत्र पाउँ भनी निवेदन पेश गरी प्रक्रिया पुरा गरेका श्री नमगणेश रियल स्टेट एण्ड कन्सट्रक्सन प्रा.लि., कोहलपुर २ लाई "घ" वर्गको निर्माण व्यवसाय ईजाजत प्रदान गर्ने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३७, २०७९-२०८४
मिति २०८०/१०/१५ को
निर्णय प्रमाणित ............

१०. वडा कार्यालयहरुबाट वडा समितिको निर्णय गराई वडाको स्वीकृत बजेट शीर्षकको परिधिभित्र रही खर्च गर्ने गरी सिफारिश गरी पठाईएकोमा देहाय बमोजिम गर्ने ।

क) वडा नं. ३ को च.नं १०७७ मिति २०८०/०९/०१ को पत्रबाट ३ नं वडा कार्यालयको सि.नं. २३९ "वडामा भैपरी आउने खर्च" शीर्षकबाट बागेश्वरी डोजो, कोहलपुर -३ लाई रु.२०,०००।– (बिस हजार) उपलब्ध गराउने ।

ख) वडा नं. ९ को च.नं ६४३ मिति २०८०/१०/०४ को पत्रबाट ९ नं वडा कार्यालयको सि.नं. ३२२ "भैपरी तथा विविध खर्च" शीर्षकबाट श्री सरस्वती माध्यमिक विद्यालय, कोहलपुर ८, पिपरी बाँकेलाई रु.६,०००।– (छ हजार) उपलब्ध गराउने ।

११. यस नगरपालिका अन्तर्गत ६ नं वडा का सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीरुलाई सामाजिक सुरक्षा वितरणका लागि साबिकमा सम्झौता गरिएको ग्लोबल आईएमई बैंकबाट लाभग्राहीहरुले समयमा, सरल एवं सहज ढंगबाट सेवाप्राप्त गर्न नसकेको, भत्ता वितरण प्रणालीलाई सेवाग्राहीमुखी बनाउने सन्दर्भमा बैंक उदासिन देखिएको भन्ने समेतको कारणबाट सम्बन्धित वडा समितिको निर्णय एवं सिफारिश समेत संलग्न राखी ६ नं वडा कार्यालयको च.नं. ११५७ मिति २०८०/१०/०८ गतेको पत्रबाट बैंक परिवर्तनका लागि लेखी आएकोले साबिकको ग्लोबल आईएमई बैंकसँगको सम्झौता रद्द गरी सिटिजन्स बैंकसँग नयाँ सम्झौता गर्ने र अन्य वडाहरुबाट समेत सोही किसिमको निर्णय एवं सिफारिश सहित अनुरोध भई आएमा यसै निर्णयलाई आधार मानी परिवर्तन गरिदिने प्रबन्ध गर्ने ।

१२. कोहलपुर नगरपालिका अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गाको नापजाँच समेतका कार्यमा खटिईएका चेनमेन एवं खाजा खर्च रकम भुक्तानी माग भएकोमा सम्बन्धित वडा कार्यालयको सिफारिस एवं अधिकार सम्पन्न भूमि व्यवस्थापन समितिको सिफारिस बमोजिम भूमि आयोगको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च शीर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी भुक्तानी दिने ।

क) ११ नं. वडाको २ जना चेनमेनहरुको ज्याला रकम रु.१,०१,४८०।– र खाजा तथा खाना खर्च वापतको भुक्तानी रकम रु.१,३२,०००।-

ख) १२ नं. वडाको खाजा तथा खाना खर्च वापतको भुक्तानी रु.३,४२,०००।-

ग) ५ नं. वडाको गत आ.ब. २०७९/०८० को खाजा तथा खाना खर्च वापतको भुक्तानी रु. ५३,५५०।-

१३. भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस कोहलपुर नगरपालिका वडा नं. ४ मा रहेका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको तपसिलको विवरण बमोजिम नापजाँच कार्यका लागी राष्ट्रिय भूमि आयोग जिल्ला समिति, बाँकेमा पठाउने।

तपसिल

| सि.नं. | वडा नं. | भुमिहिन दलित | भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|---|
| १ | ४ | १० जना | ६८ जना | ७५३ जना |



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३७, २०७९-२०८४
मिति २०८०/१०/१५ को
निर्णय प्रमाणित ...............

१४. कोहलपुर नगरपालिका वडा नं. १३ मा शिव मन्दिर मर्मत सम्भार कार्यका लागि भैपरी आउने पुँजिगत शीर्षकबाट रु.३(तीन) लाख भुक्तानी हुने गरी कार्य गर्ने भनी कार्यपालिकाबाट २०८०/०८/२६ मा निर्णय भएकोमा उक्त योजना संशोधन गरी "शिव मन्दिर निर्माण, कोहलपुर १३" कायम गर्ने।

१५. कोहलपुर नगरपालिका अन्तर्गत पर्ने डुडुवा खोलाले वर्षेनी माटो कटान एवं खोला क्षेत्रमा डुवानको समस्या हुने गरेकोमा उक्त खोलाबाट हुने प्रकोप न्युनिकरणका लागि डुडुवा खोला तटबन्धनका लागी आई.ई.ई. गर्ने।

१६. यस नगरपालिका अन्तर्गत कोहलपुर ८ मा सितल वनबाटिका तथा जैविक पार्क र कोहलपुर २ मा सिद्दि विनायक सामुदायिक वनमा आधुनिक पार्क निर्माणका लागि डि.पि.आर. गर्ने ।

१७. नेपाल क्रिकेट संघको सहकार्य एवं प्राबिधिक सहयोगमा यस नगरपालिकामा मिति २०८० माघ २६ गतेदेखि ऐ. फागुन २ गतेसम्म सञ्चालन हुने सुशिल कोइराला स्मृति यु -१९ टि -२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता २०८० कोहलपुर नगरपालिकाको आयोजना, नगर खेलकुद विकास समितिको व्यवस्थापन तथा नेपाल क्रिकेट संघको प्राविधिक सहयोगमा सञ्चालन एवं व्यवस्थापन गर्ने गरी देहाय बमोजिमको सात सदस्यीय तदर्थ "प्रतियोगिता समन्वय एवं व्यवस्थापन समिति" गठन गर्ने र उक्त प्रतियोगितामा हुने खर्च चालु आ.ब. २०८०/०८१ को वार्षिक नीति, बजेट तथा कार्यक्रमको क्र.सं. ४७३ र ४७४ को राष्ट्रिय क्रिकेट प्रतियोगिता सहकार्य(खेलकुद शाखा) शीर्षकबाट भुक्तानी दिने साथै उक्त प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि नगर खेलकुद विकास समितिलाई विनियोजित बजेटको ५०% पेश्की उपलब्ध गराउने ।

| | |
|---|---|
| क. संयोजक | श्री चिन्तामणि धिताल |
| ख. सह संयोजक | श्री मञ्जुल भट्टराई |
| ग. सदस्य | श्री दिपेन्द्र थापा |
| घ. सदस्य | श्री सञ्जय मण्डल |
| ङ. सदस्य | श्री सुनिता नेपाली |
| च. सदस्य | श्री अजय साहनी |
| छ. सदस्य | श्री सुमन डाँगी |

१८. कोहलपुर ११ गोलपार्क स्थित निर्माण सम्पन्न कोहलपुर भ्यु टावर सञ्चालनका लागि ठेक्का आव्हान गरिएकोमा हालसम्म ठेक्का आवेदन नपरी ठेक्कामा गईनसकेकाले उक्त भ्यू टावरलाई तत्काल नगरपालिकाले नै उक्त भ्युटावर सञ्चालन सुझाव समितिको प्रतिवेदन बमोजिम राजस्व संकलन गर्ने गरी सञ्चालन व्यवस्थापन गर्ने ।

१९. कोहलपुर नगरपालिका वडा नं. १४ स्थित प्रहरी बिटलाई ईलाका प्रहरी कार्यालय कोहलपुर मार्फत यस नगर कार्यपालिकाको नाममा रहेको एक थान मोटरसाईकल (भे.१ब. १४२०) नामसारी सहित हस्तान्तरण गर्ने ।



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ३७, २०७९-२०८४
मिति २०८०/१०/१५ को
निर्णय प्रमाणित .............

२०. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयमा भौतिक पूर्वाधार विकास चार कोठे पक्की भवन निर्माणका लागि कोहलपुर नगरपालिका वडा नं. १३ मा सञ्चालित बालशिक्षा माध्यामिक विद्यालय, भरैयालाई सिफारिस गर्ने ।

२१. यातायात कार्यालयको शाखा कार्यालय कोहलपुरमा स्थापनाका लागि आवश्यक व्यवस्था गरिदिनु हुन उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्ने र कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने भवन तत्कालका लागि नगरपालिकाले व्यवस्था गर्ने ।

२२. कोहलपुर नगरपालिका वडा नं. १२ चप्परगौडी निबुवारोडमा रहेको खानेपानी पाईपलाईन चप्परगौडी खड्कवार घुईयाबारी जाने सडक कालोपत्रे गर्ने क्रममा पूर्णरुपमा क्षति भई नयाँ पाईपलाई बिस्तार गर्नुपर्ने भएकाले आर्थिक सहयोग उपलब्ध गराईदिनु हुन भनी प्रस्तावना सहित कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्थाको च.नं. १३६ मिति २०८०/१०/१५ को पत्र प्राप्त भएकाले उक्त स्थानमा पाईपलाईन मर्मतका लागी खानेपानी पूर्वाधार निर्माण साझेदारी खर्च शीर्षकबाट रु.३ लाख ५० हजार उपलब्ध गराउने ।

२३. कोहलपुर न.पा. वडा नं. २ पुष्पनगरमा नाली निर्माण कार्यका लागि विद्युत लाईन सुधार कार्य गर्न स्थलगत निरीक्षण गरी लागत अनुमान सहित नेपाल विद्युत प्राधिकरण, कोहलपुर वितरण केन्द्र, कोहलपुरको मिति २०८०/०९/०८ को पत्र समेत प्राप्त भएकाले उक्त स्थानको विद्युत लाईन सुधारका लागि विद्युत संरचना निर्माण तथा विद्युत विकास सहकार्य शीर्षकबाट रु ३,२७,६४०।– भुक्तानी हुने गरी कार्य गर्ने ।

२४. कोहलपुर नगरपालिका वडा नं. ५ मनकामना मन्दिर - पृथ्विनगर टोलमा सडक बत्ती मर्मत वापत सार्बजनिक सम्पत्ति मर्मत सम्भार शीर्षकबाट रु.६०,०००।– भुक्तानी गर्ने ।

२५. संघ तथा प्रदेश सरकारबाट छनौट भई कार्यान्वयनका लागि प्राप्त भएका योजनाहरुमा संघ तथा प्रदेश सरकारबाट विनियोजित कुल रकममा कोहलपुर नगरपालिकाको समपुरक कोषबाट १०% रकम थप गरी लागत अनुमान तयार गरी नियमानुसारको प्रकृया अघि बढाउने ।

२६. कोहलपुर २ तेह्र बिघाहा स्थित फुटबल खेल मैदानको स्तरोन्नतिका लागि प्राविधिक निरीक्षण समेतका अन्य कार्यका लागि अखिल नेपाल फुटबल संघबाट २ जना विषय बिज्ञ बोलाउने र मिति २०८० फाल्गुन १३ गतेदेखी कोहलपुर नगरपालिकाको आयोजनामा संचालन हुन गईरहेको एन्फा कम्युनिटि कोचिङ कोर्षको ४ दिने डि लाइसेन्स फुटबल प्रशिक्षण संचालनका लागि २ जना दक्ष प्रशिक्षक उपलब्ध गराइदिन एन्फालाई अनुरोध गर्ने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत